# पाथीभरा याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थेचम्बु, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल


प.सं.: ०७९/०८०

च.नं-

मितिः २०८०/०३/३१

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्तै जरुरी सूचना !

प्रस्तुत विषयमा सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले सामाजिक सुरक्षा नियमावली, २०७६ (संशोधन सहित) को नियम ९ बमोजिम आर्थिक वर्ष २०८०/०८१ का लागि २०८० भाद्र मसान्त भित्र आ–आफ्नो वडामा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनुहुन सुचित गरिन्छ । तोकिएको समयमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण नभए प्रणाली मार्फत स्वतःलाभग्राहीबाट लगत कट्टा हुने र त्यस्ता लाभग्राहीले पुन सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह आवेदन दिनु पर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**पुनश्चः परिचयपत्र नवीकरण गर्दा अनिवार्य रुपमा लाभग्राहीको बैंक खाता समेत अद्यावधिक गर्न गराउन अनुरोध गरिन्छ ।**

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनु पर्ने कागजातहरु**

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- पासपोर्ट साईजको २ प्रति फोटो,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको परिचय-पत्रको प्रतिलिपी,
- अपाङ्गता भएका हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचय-पत्रको प्रतिलिपी,
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाण-पत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारीस,
- एकल महिला ६० वर्ष उमेर पुरा भएको महिलाको हकमा अविवाहिताको वडाको सिफारीस,
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको ६० वर्ष उमेर पुरा भएको महिलाको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारीस,
- न्यायिक पृथकिकरण गरी बसेका ६० वर्ष उमेर पुरा भएको महिलाको हकमा न्यायिक पृथकिकरण भएको प्रमाणपत्रको प्रतिलिपी,
- बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपी
- बैंक चेकको प्रतिलिपी

**नोटः बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बुवा, संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।**

२०८०/३/३१

.....................

जनार्दन निरौला

प्रमुख प्रशासकीय अधिकृत